बैठक संख्या ६०

आज मिति २०८३ साल साउन १७ गते आईतवार विहान ११.०० बजे मन्थली नगरपालिका नगरकार्यपालिकाको ६० औं बैठक नगरप्रमुख श्री लव श्रेष्ठको अध्यक्षता एवं देहायका पदाधिकारीहरुको उपस्थितिमा सञ्चालन गरियो ।

## उपस्थिति

| | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लव श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री इश्वरी बस्नेत | उप प्रमुख | |
| ३ | श्री गोपाल श्रेष्ठ | प्रवक्ता एवं वडा अध्यक्ष वडा नं. ८ | |
| ४ | श्री होम प्रसाद पौडेल | १ नं. वडा अध्यक्ष | |
| ५ | श्री सुरेन्द्र बहादुर कार्की | २ नं. वडा अध्यक्ष | |
| ६ | श्री कृष्ण गोपाल थापा | ३ नं. वडा अध्यक्ष | |
| ७ | श्री राजन घिमिरे | ४ नं. वडा अध्यक्ष | |
| ८ | श्री रविन कार्की | ५ नं. वडा अध्यक्ष | |
| ९ | श्री अशोक तामाङ्ग | ६ नं. वडा अध्यक्ष | |
| १० | श्री भुवनहरी प्रसाई | ७ नं. वडा अध्यक्ष | |
| ११ | श्री गोकर्णराज आरण | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री गोपिलाल तामाङ्ग | १० नं. वडा अध्यक्ष | |
| १३ | श्री भिम वहादुर थापामगर | ११ नं. वडा अध्यक्ष | |
| १४ | श्री खिलेन्द्र वहादुर खत्री | १२ नं. वडा अध्यक्ष | |
| १५ | श्री नवराज थापा मगर | १३ नं. वडा अध्यक्ष | |
| १६ | श्री मोतिलाल तामाङ्ग | १४ नं. वडा अध्यक्ष | |
| १७ | श्री उद्धव रम्तेल | कार्यपालिका सदस्य | |
| १८ | श्री गणेश वहादुर माझी | कार्यपालिका सदस्य | |
| १९ | श्री कुमारी सार्की | कार्यपालिका सदस्य | |
| २० | श्री मुना सार्की | कार्यपालिका सदस्य | मुना |
| २१ | श्री उर्मिला वुढाथोकी | कार्यपालिका सदस्य | उर्मिला |
| २२ | श्री राधा कार्की | कार्यपालिका सदस्य | |
| २३ | श्री मान वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २४ | श्री मनुका कामी | कार्यपालिका सदस्य | |
| २५ | श्री देवर्षि सापकोटा (प्र.प्र.अ.) | सचिव | |

## आमन्त्रित उपस्थिती

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |

**मिति २०८३ साल साउन १७ गते आईतबार बसेको**

**मन्थली नगरपालिकाको कार्यपालिकाको ६० औं बैठकका निर्णयहरु**

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो ५९ औं बैठकमा भएका निर्णय र सो सम्बन्धमा भएका कार्यप्रगतिका वारेमा समीक्षा गरियो। निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो।

**निर्णय नं. २**

मन्थली नगरपालिकाबाट आ.व. २०८२/८३ मा सम्पादित कार्यको समीक्षा वैठक मिति २०८३ साल साउन २० र २१ गते विहान १०.०० वजे मन्थली नगरपालिकाको सभा कक्षमा आयोजना गर्ने।

**निर्णय नं. ३**

आ.व. २०८३/८४ का लागि विनियोजित वजेटबाट ठेक्का प्रक्रिया मार्फत सञ्चालन हुने आयोजनाहरुको यथाशिघ्र प्रक्रिया शुरु गर्न कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. ४**

आ.व. २०८३/८४ का लागि विनियोजित वजेटबाट उपभोक्ता समिति मार्फत सञ्चालन हुने पूर्वाधारजन्य कार्यका लागि भदौको पहिलो हप्ताबाट समिति गठन र लागत स्टमेट तथा सम्झौता प्रक्रिया शुरु गर्न सबै वडा कार्यालयहरुमा परिपत्र गर्न कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. ५**

आ.व. २०८३/८४ का लागि विनियोजित वजेटबाट हुने खरिदजन्य कार्यका लागि खरिद योजना तयार गरी सो बमोजिम कार्य अगाडि वढाउन कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. ६**

मन्थली नगर अस्पताल व्यवस्थापन समितिको उपाध्यक्षमा मनपा २ निवासी ध्रुव कार्कीलाई मनोनयन गर्ने।

**निर्णय नं. ७**

नगर खेलकुद विकास समितिको संयोजकमा मनपा ६ बस्ने गोपाल माझीलाई निरन्तरता दिने।

**निर्णय नं. ८**

मन्थली नगर अस्पताल व्यवस्थापनमा सहयोगका लागि नगर अस्पताल र निक साइमन बीच ५ वर्षका लागि भएको सम्झौता एवं सम्झौता बमोजिम प्राप्त हुने सहयोगको वारेमा छलफल गरियो। सम्झौता बमोजिमको कार्य कार्यान्वयनमा सबै पक्षले सहयोग पुर्याउने।

२०८३/०४/१९
देवीप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ९

मन्थली नगरपालिका वडा नं. १ मा परीक्षण सुभारम्भ भएको शीत भण्डार गृह (चिस्यान केन्द्र) सञ्चालनका लागि अध्ययन तथा समन्वय गर्न आर्थिक विकास समितिका संयोजक श्री नवराज खपाङ्गी मगरलाई जिम्मेवारी प्रदान गर्ने। साथै शीत भण्डार गृह सञ्चालनमा सहकार्य गर्न रामेछाप जिल्लाका आठ वटा नै पालिकाका प्रमुख/अध्यक्ष, कृषि तथा पशुपन्छी विकास कार्यालय रामेछाप, रामेछाप उद्योग वाणिज्य संघ, कृषि सहकारी संघ लगायतका सरोकारवाला पक्षसँग समन्वय वैठक आयोजना गर्ने।

## निर्णय नं. १०

मन्थली नगरपालिका वडा नं. ६ मा निर्माणाधिन फोहोरमैला प्रशोधन केन्द्र निर्माणका लागि सामाजिक विकास कार्यालय धुलिखेल, वागमती प्रदेश सरकार अन्तर्गतको शहरी विकास तथा भवन कार्यालयसँग समन्वय गरी डिपिआरमा उल्लेख भए बमोजिमको कार्य अगाडि वढाउन कार्यालयलाई निर्देशन दिने।

## निर्णय नं. ११

मन्थली नगर अस्पतालमा केही समय अगाडि औषधीको प्रयोगबाट विरामीलाई परेको असरका सम्बन्धमा छानविन गर्न जिल्ला प्रशासन कार्यालय रामेछापबाट गठित छानविन समितिले पेश गरेको प्रतिवेदनमाथि छलफल गरियो। प्रतिवेदनबाट प्राप्त निर्देशन कार्यान्वयनका लागि अस्पताल प्रशासनलाई निर्देशन दिने। मन्थली नगर अस्पताल र सेवाग्राही बीच देखिएको असमझदारी हटाउन जिम्मेवार भई सेवा उपलब्ध गराउन सम्बद्ध स्वास्थ्यकर्मी/कर्मचारीलाई निर्देशन प्रदान गर्ने।

## निर्णय नं. १२

आ.व. २०८१/८२ को लेखा परीक्षण प्रतिवेदनमा औंल्याईएको वेरुजु रकमको वारेमा छलफल गरियो। प्रतिवेदनमा उल्लेखित बेरुजु रकम दाखिला गर्नका लागि सम्बन्धित पक्षलाई पत्राचार मार्फत ताकेता गर्न कार्यालयलाई निर्देशन दिने।

## निर्णय नं. १३

तिलगंगा सर्जिकल सामुदायिक आँखा केन्द्र रामेछापको सहयोगमा मन्थली नगरपालिकाका सबै विद्यालयमा आँखा जाँच कार्यक्रम सञ्चालन गर्न सम्बन्धित केन्द्रसँग समन्वय गरी सहयोग पुर्याउन सबै वडा कार्यालयहरुमा परिपत्र गर्न कार्यालयलाई निर्देशन दिने।

## निर्णय नं. १४

सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिकाद्वारा आयोजित न्यायिक सम्मेलन र प्रदेश सुशासन केन्द्रको आयोजनामा भएको अनुगमन समितिका पदाधिकारीको अभिमुखिकरण कार्यक्रममा सहभागी भई मन्थली फर्कने क्रममा नगरपालिकाका उपप्रमुख लगायतका कर्मचारी चढेको यस नगरपालिकाको वा २ झ १६०९ गाडी र सिन्धुली जिल्ला सुनकोशी गाँउपालिका निवासी हेमन्त पुरी चढेको मोटरसाइकल मिति २०८३ असार

१७ गते साँझपख मनपा ६ सेलेघाटनेर एक आपसमा ठक्कर खाई भएको दुर्घटनाबाट घाइते भएका हेमन्त पुरीको मन्थली नगर अस्पतालमा प्राथमिक उपचार पश्चात हाल वि एण्ड वि अस्पताल काठमाण्डौमा उपचार भई रहेकाले उक्त दुर्घटनाबाट घाइते भएका हेमन्त पुरीको उपचारमा लागेको विल भरपाई अनुसारको उपचार लगायतको खर्च उपलब्ध गराउने।

**निर्णय नं. १५**

आ.व. २०८२/८३ मा कार्यक्रम सम्पन्न भई विविध कारणले भुक्तानी हुन नसकेका देहाय बमोजिमका योजना तथा कार्यक्रमका लागि आर्थिक प्रशासन शाखाबाट तयारी भएको खाता/कच्चावारी बमोजिमं भुक्तानी उपलब्ध गराउने।

२०८२/०८/१५

| क्र.सं. | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउँनेको नाम | भुक्तानी पाउँन बाँकी रकम रु. |
|---|---|---|---|
| १ | लोक कल्याणकारी विज्ञापन | सम्लग्न ५८ मिडिया | ४४६००० |
| २ | मनपा ४ को वडा कार्यालय भवनको जग्गा दाताको वुवाआमाको अर्धकद मूर्ति जडान | अनिश कन्स्ट्रक्सन,हेटौडा, मकवानपुर | २००००० |
| ३ | नागरीक स्वास्थ्य शिविर संचालन | बिभिन्न | २२१९६५ |
| ४ | विभिन्न लोकसंस्कृतिसँग सम्बन्धि सामाग्री खरीद | नाट्यश्वर लोक प्रतिभा साँस्कृतिक समुह मनपा ८ | ९९४०० |
| ५ | विभिन्न लोकसंस्कृतिसँग सम्बन्धि सामाग्री खरीद | गौरीशंकर साँस्कृतिक समुह मनपा ८ | ९९९०० |
| ६ | मनपा ८ को ७ साना पुर्वाधार निर्माणको रकम भुक्तानी | साना पुर्वाधार योजना उ.स. मनपा ८ | ७५२०७ |
| ७ | डकुमेन्ट्री निर्माण | पब्लिक रिलेशन नेपाल प्रा.लि. | ६०००० |
| ८ | पोते उन्ने सम्बन्धी सीप विकास तालिम नपाको तर्फबाट व्यहोर्ने रकम | रामेछाप महिला उद्यमी संघ | ४०००० |
| ९ | स्वास्थ्य वीमा कार्यक्रम भुक्तानी रकम | | ५०००० |

२०८२/०८/१५

देवराज सापकोटा
प्रमुख प्रशासकीय अधिकृत